बैठक संख्याः १६९/०५/२०८१/०८२
मिति :२०८१/०८/०५
समय : दिनको २ . वजे

आज मिति २०८१/०८/०५ गते बुधबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप–प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट – प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य सचिव |

## १६९ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८१/०८/०५ गते

**निर्णय नं. १:** १६८ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २:** शुक्लाफाँटा नगरपालिका विद्युतिय तथा अटो रिक्सा दर्ता (संचालन तथा व्यवस्थापन) सम्बन्धी ऐन, २०८० मा Road Worthiness Test सम्बन्धमा कुनै प्रावधान नभएको हुदा उक्त व्यबस्था समावेश गरी आगामी नगर सभामा संसोधन प्रस्ताव तयार गरि पेश गर्ने र उपरान्त दर्ता गरेको समेत मान्य हुने गरी हाल दर्ताका लागि पेश भएका, अन्यत्र Road Worthiness Test भई सकेका ई रिक्साहरुलाई पछि नगर सभाबाट अनुमोदन हुने गरी वा Road Worthiness Test गर्ने टोलि गठन भई सोही वमोजिम हुने गरी ऐनमा साविक तोकीए वमोजिम दस्तुर लिई दर्ता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** सुरक्षित नागरिक आवास निर्माणका लागि शुक्लाफाँटा नगरपालिका सुरक्षित आवास कार्यक्रम संचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने र सोही कार्यविधि वमोजिम उपयुक्त छनौटको आधारमा कम्तिमा १० वटा घर निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** १० नं. वडा कार्यालयको वडा कार्यालय भवन तथा सभाहल रंगरोगन र कार्यालय परिसरमा पार्कीङ टायल लगाउने कार्यका लागि अपुग रकम रू. २,००,०००।—(दुई लाख मात्र) समपुरक कोषबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५:** आ. व. २०८१/०८२ मा होटल रमाईलो, झलारीलाई भुक्तानी दिन बाकी रकम रू २,४५,०००।— (दुई लाख पैतालिस हजार मात्र) समपुरक कोषबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:** शुक्लाफाँटा नगरपालिका अन्तरगत वडा नं. १० नव निर्मित कभर्डहल नजिक रहेको सार्वजनिक कित्ता एकिन गरि संरक्षण गर्ने निर्णय गरियो ।